# स्थानीय राजपत्र

भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ०८ संख्याः ११ मितिः२०८२/११/११


**भाग–०२**

**भानु नगरपालिका**

## भानु नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यबिधि ,२०८२

**प्रस्तावना** :-

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पिडित तथा बेचविखनमा परेका महिला, बालबालिका विपन्न, अति अशक्त, अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, वेवास्तामा परेका जेष्ठ नागरिकको हित र प्राकृतिक प्रकोपजन्य विपदबाट पिडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम आर्थिक कार्यविधि ऐन, २०७५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी भानु नगरपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "भानु नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुने।

**२. परिभाषा : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा।**

(क) "नगरपालिका" भन्नाले भानु नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "नगर कार्यपालिका" भन्नाले भानु नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न भएका, मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर (नेपाल सरकारले बिपन्न नागरिक औषधी उपचार कोष मार्फत मासिक ५०००।०० औषधि उपचार खर्च प्राप्त गर्ने लाभग्रहि बाहेक) पिडित व्यक्तिहरु, पक्षघात, यौन हिसाबाट पिडित एवम् वेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु वा संरक्षकबाट बञ्चित, अपाङगता भएको, सुस्त मनस्थिती भएको बालबालिका, एच. आई.भि एड्सबाट संकमित बालबालिका, बेसहारा, बृद्धवृद्धा तथा बिशेष कारणबश बेखर्ची भएका नागरिक, उल्लेखित व्यहोरा भएका भानु नगरपालिकाका स्थानीय तथा नगर कार्यपालिका कर्मचारी र जनप्रतिनिधिहरु समेत बुझनु पर्दछ।

(घ) "उत्कृष्ट खेलाडि" भानु नगरपालिका भित्र स्थायि बसोवास गर्ने नागरिकहरुले राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरको खेलमा स्वर्ण रजद र कास्य पदक प्राप्त गरेको सम्झनु पर्दछ।

(ङ) "लेख रचना तथा खोज अनुसन्धान" भानु नगरपालिका भित्र स्थायि ठेगाना भएका नागरिक हरुले स्नातक र स्नातकउत्तर तहमा जुनसुकै बिषयमा अनुसन्धानात्मक लेख(थेसिस) तथा नेपालि नागरिक हरुले भानु नगरपालिका र भानुभक्त आचार्यको बिषयमा थेसिस लेख्ने सम्झनु पर्दछ ।

(च) "स्रस्टा" भानु नगरपालिका भित्र स्थायि ठेगाना भएका नागरिक हरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय रियालिटि सो हरुमा सहभागि भएका ब्यक्ति र भानु नगरपालिका भित्र रहेका धार्मीक तथा ऐतिहासिक बिषयमा लेख रचना गित तथा म्युजिक भिडियो तथा बनाउने ब्यक्ति सम्झनु पर्दछ।

(छ) "प्रमुख" भन्नाले भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख सम्झनु पर्दछ।

(ज) "उप-प्रमुख" भन्नाले भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालयको उप-प्रमुख सम्झनु पर्दछ।

(झ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिका नगरप्रमुख कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

## परिच्छेद- २

**३.नगरपालिकाको आर्थिक सहायताको निर्णय सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः**

नगरपालिका प्रमुख - अध्यक्ष

नगरपालिका उप-प्रमुख - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सामाजिक बिकाश शाखा प्रमुख - सदस्य सचिव

शिक्षा शाखा प्रमुख - सदस्य

स्वास्थ्य शाखा प्रमुख - सदस्य

नगर प्रमुखले तोकियको २ जना - सदस्य

**४.काम कर्तब्य र अधिकार**

क) संघिय, प्रदेश तथा नगरपालिकाले बनाएको ऐन, नियम तथा निर्देशिका अनुसार आबश्यकताको आधारमा आर्थिक सहायताका लागि सिफारीस गर्ने गराउने।

ख) आर्थिक सहायताका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने,

**५.आर्थिक सहायता सम्बन्धी मापदण्ड**

क. दीर्घ रोगी तथा क्यान्सर पिडितलाई सहायता :

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पिडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्ने छन्। स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको मेडिकल रिपोर्ट, नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखको सिफारिस बुझनु पर्दछ।"

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि समितिले आवश्यक छलफल गरी अति विपन्न व्यक्तिहरुलाई थप आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी एकपटकका लागि

रु.५०००/-(पाँच हजार) देखी बढीमा रु.१५,०००/- (पन्ध्र हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

**६. हिंसा पीडित तथा मानव वेचविखनमा परेकालाई सहायताः**

(१) यौन हिंसाबाट पीडीत एवम् वेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न स्थानीय प्रहरी सरजमिन तथा समितिको निर्णयानुसार बढीमा रकम रु, १०,०००/-(दश हजार मात्र) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एवम् पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ।

**७. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायताः**

(१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडीत, बाबु आमा वा संरक्षणबाट वञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका,एच.आई.भि. एड्सबाट संकमित बालवालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि समितिको सिफारीशमा कार्यपालिकाको निर्णय अनुसार रु.१०,०००/- (दस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिन्छ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसंग समन्वय गरी छात्रवृति मार्फत पठनपाठनको व्यवस्था गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्नेछ।उल्लेखित ब्यहोरा आई परेमा नगरपालिकाको कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत नगरपालिकाको निर्णयबाट विरामीको अवस्था हेरी एकपटकका लागि रु.५०००/-(पाँच हजार) देखी बढीमा रु.१५,०००/- (पन्ध्र हजार) सहायता दिन सकिनेछ।

**८. खेलकुद तथा सांस्कृतिक कार्यकम संचालन सम्बन्धि सहायताः**

(१) स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडि तथा स्थानीय रुपमा साँस्कृतिक कार्यकम आयोजना गर्ने क्लब तथा संघ संस्थालाई तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ।

(क) स्थानीयस्तरमा संचालन हुने खेलकुद तथा कार्यकमको लागि रु.५,०००/-(पाँच हजार) देखि बढिमा रु. १०,०००/-(दश हजार) सम्म।

(ख) जिल्लास्तरमा संचालन हुने खेलकुद तथा कार्यकमका लागि रु.११,०००/-(एघार हजार) देखि रु. १५,०००/-(पन्ध्र हजार) सम्म।

(ग) प्रदेश तथा राष्ट्रियस्तरमा संचालन हुने खेलकुद तथा कार्यकमका लागि रु.१६,०००/-(सोह हजार) देखि बढिमा रु.२५,०००/-(पच्चीस हजार) सम्म।

(घ) अन्तराष्ट्रियस्तरमा संचालन हुने खेलकुद तथा कार्यकमका लागि कार्यपालिकाले निर्णय गरे बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ।

**९. बेवास्थामा परेका जेष्ठ नागरिक सहायताः**

६० वर्ष उमेर पुगेका परिवारका सदस्यले वेवास्था गरी भिन्न बसेका विपन्न, रोगी, अशक्त जेष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रु.१००००/-(दस हजार) सम्म आर्थिक सहायता दिई पुनःस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ। तर नगरपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता रकम बुझने नागरिकको हकमा यो सुविधा पाईने छैन।

**१०. विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः**

(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारण मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, वेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा नगरकार्यपालिकाले मनासिव ठहराएमा एक मुष्ठ रुपमा रु.१५,०००/-(पन्ध्र हजार) आर्थिक सहायता दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्नेछ। उल्लेखित ब्यहोरा आई परेमा नगरपालिकाको कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत नगरपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि एथोचित रकम सहायता दिन सकिनेछ।

**११. संस्थागत सहायता कार्यक्रमः**

(१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यकमहरु संचालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रममा सहयोग स्वरुप निवेदन पेश हुन आएमा र समितिले मनासिव ठहराएमा एकमुष्ठ रुपमा बढीमा रु.५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता दिई सहयोग गर्न सकिनेछ।

## परिच्छेद-३

**१२. आर्थिक सहायता उपलब्ध गराउनका लागि देहायको अनुगमन समिति रहने छ**

आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

स्वास्थ्य शाखामा कार्यरत कर्मचारी — सदस्य

सम्बन्धीत वडाको वडा अध्यक्ष — सदस्य

## परिच्छेद - ४

**१३. पारदर्शीता र जवाफदेहिताः**

कोषबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनीक गरिने छ। साथै कार्यालयको वेबसाईटबाट समेत उल्लेखित व्यहोरा जानकारी गराईनेछ। सम्बन्धित सरोकारवालाहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा समिति तथा नगरपालिकाबाट आवश्यक विवरण उपलब्ध गराईने छ।

## परिच्छेद - ५

**१४. आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था :**

(क) नगरपालिकाको सामाजिक, आर्थिक, राजनैतिक, साहित्य, साँस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक, स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिमको कोषको अवस्था हेरी एक पटकका लागि मात्र बढिमा रु.१५,०००/-(पन्ध्र हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(ख) नगरपालिकाको कार्यालयको काममा वा कार्यालयको काममा आउँदा वा फर्किदा कुनै जनप्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना भई बिरामी भएमा, घाईते भएमा निज वा निजको हकवालालाई उपचार खर्चवापत बढिमा रु.२५,०००/-(पच्चीस हजार) र मृत्यु भएमा निजको हकवालालाई रु.५,००,०००/-(पाँच लाख मात्र) रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। कार्याविधिको यस दफा १५ (क) र (ख) बमोजिम उपलब्ध गराइने आर्थिक सहायताको निर्णय कार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराइनेछ।

(ग) भानु नगरपालिका भित्र स्थायि बसोवास गर्ने नागरिकहरुले राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरको खेलमा स्वर्ण रजद र कास्य पदक प्राप्त गरेमा राष्ट्रिय स्तरका खेलमा स्वर्ण पदक ..............................

(घ) भानु नगरपालिका भित्र स्थायि ठेगाना भएका नागरिक हरुले स्नातक र स्नातकउत्तर तहमा जुनसुकै बिषयमा अनुसन्धानात्मक लेख(थेसिस) तथा नेपालि नागरिक हरुले भानु नगरपालिका र भानुभक्त आचार्यको बिषयमा थेसिस लेखेमा.....................

(ङ) भानु नगरपालिका भित्र स्थायि ठेगाना भएका नागरिक हरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय रियालिटि सो हरुमा सहभागि भएका ब्यक्ति र भानु नगरपालिका भित्र रहेका धार्मीक तथा ऐतिहासिक बिषयमा लेख रचना गित तथा म्युजिक भिडियो निर्माण गरेमा..........................

**१५.** निवेदन : नियम ३ देखी ९ सम्म उल्लेखित क्षेत्रमा सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ।

**१६.**यस कार्यविधिमा उल्लेख भएबमोजिम रु. २०,०००/-(विस हजार रुपैया) सम्मको आर्थिक सहायता प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सिधै प्रदान गर्न सकिनेछ।

**१७.** अधिकार प्रत्यायोजन गर्न सकिनेः यस कार्याविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको आफ्नो अधिकार समिति र नगर कार्यपालिकाले नगरपालिका प्रमुखलाई दिन सक्नेछ। तर दफा १४ बमोजिमको अधिकार प्रत्यायोजन हुने छैन।

**१८.** यस कार्यविधि बमोजिम स्थापित कोषबाट प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एउटै प्रकृतिको घटनामा १ आर्थिक वर्ष भित्र १ पटक मात्र उपलब्ध गराईनेछ।

## परिच्छेद- ६

### विविध

**१९. संसोधन तथा परिमार्जन** : यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संसोधन तथा परिमार्जन गर्न सकिनेछ।

**२०. खारेजी तथा बचाउ** : यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसंग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ। साथै नगर कार्यपालिकाबाट यस आ.व.मा आर्थिक सहयोग सम्बन्धमा भएमा निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची -१

निवेदनको ढाँचा

(दफा १२ संग सम्बन्धीत)

श्रीमान प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
फुस्रेटार, तनहूँ।

विषय : आर्थिक सहायता उपलब्ध गराईदिनु हुन।

प्रस्तुत बिषयमा म/हामी ...................................... रोगले ग्रसित भई/समस्यामा परि ..................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/ छौं । उपचार र........................को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सो को लागि त्यस कार्यालयको निम्नानुसारको आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपशिलका कागजातहरु यसैसाथ संलग्न गरी पेश गर्दछु/ छौं।

तपशिल :

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपी।
२. नागरिकता/ जन्मदर्ता/ विवहा दर्ता/..........................को प्रतिलिपी ।
३. अस्पताल/सम्बन्धित निकायको रिपोर्ट ।
४. वडा अध्यक्ष स्वास्थ्य शाखा प्रमुख/ सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस।

निवेदक

कार्यपालिकाबाट स्वीकृत मितिः
प्रमाणिकरण मितिः